नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी बल, नेपाल

सशस्त्र प्रहरी परिचर (साधारण समूह, साधारण उपसमूह) पदको खुला प्रतियोगितात्मक परीक्षाको लागि पाठयक्रम र परीक्षा योजना (Examination Scheme) देहाय बमोजिम ६ (छ) चरणमा विभाजन गरीएको छ ।

क्र.सं.	चरण	विषय	पूर्णाङ्क	कैफियत
१.	प्रथम	प्रारम्भिक शारीरिक परीक्षण	-	पहिलो (शुरु) चरणको परीक्षामा उत्तीर्ण हुने उम्मेदवारलाई मात्र त्यस पछिको चरणको परीक्षामा सहभागी गराईनेछ । शारीरिक सहिष्णुता परीक्षा र प्रयोगात्मक परीक्षाको उत्तीर्णाङ्क पूर्णाङ्कको ५० प्रतिशत हुनेछ ।
२.	द्वितीय	शारीरिक सहिष्णुता परीक्षा	५०	
३.	तृतीय	विस्तृत स्वास्थ्य परीक्षण	-	
४.	चतुर्थ	प्रयोगात्मक परीक्षा	५०	
५.	पाँचौ	विशेष स्वास्थ्य परीक्षण	-	
६.	छैटौं	अन्तर्वार्ता परीक्षा	१०	

प्रत्येक चरणको बिस्तृत विवरण निम्न बमोजिम रहेको छ ।

१. प्रथम चरणः- प्रारम्भिक शारीरिक परीक्षण

विवरण	उत्तीर्ण हुनको लागि न्यूनतम मापदण्ड	
	पुरुष	महिला
उचाई	कम्तिमा ६२ इन्च	कम्तिमा ६० इन्च
तौल	कम्तिमा ५० के.जी.	कम्तिमा ४२ के.जी.
छाती	नफुलाउदा कम्तिमा ३० इन्च, फुलाउदा कम्तिमा ३२ इन्च । कम्तिमा २ इन्च फुलाउनुपर्ने ।	नपर्ने
साधारण बियरिङ्ग	साधारण बियरिङ्गमा अनुत्तीर्ण हुने कारणहरु	
	शारीरिक मापदण्ड (**Physical Standards**) १. टाउको तथा कपाल (**Head and Hair**) • टाउको वा शरीरको देखिने भागमा सेतो दुवी (Vitiligo) वा कपाल चक-चक परेर झर्ने दुवी (Alopecia Areata) भएको। • कपाल एक तिहाइभन्दा बढी झरेको, फुलेको, कृत्रिम रूपमा रङ्गाइएको वा अन्य कुनै अस्वाभाविक रूपमा परिवर्तन गरिएको। २. अनुहार (**Face**) • अनुहारमा १.५ से.मी. × १.५ से.मी. भन्दा ठूलो काटेको वा पोलेको दाग भएको। • जन्मजात दाग (Birth Mark) को हकमा पनि सोही मापदण्ड लागू हुने। • सिधा रेखाजस्तो दाग (Linear Scar) २.५ से.मी. भन्दा लामो तथा ३ मि.मि. भन्दा बढी चौडाइ भएको। ३. आँखा (**Eyes**) • डेढो आँखा (Squint/Strabismus) भएको। • रङ छुट्याउन नसक्ने (Colour Blindness) भएको। • दुवै आँखाको आकार वा अवस्थिति (Position) असमान भएको। • दायाँ हात चलाउनेको हकमा बायाँ आँखा तथा बायाँ हात चलाउनेको हकमा दायाँ आँखा स्वतन्त्र रूपमा चिम्लन नसक्ने।	

४. बोली (Speech)

- तोते बोली, अस्पष्ट बोली, भकभके वा लठ्याैरो बोली भएको तथा स्पष्ट रूपमा सञ्चार गर्न नसक्ने।

५. दाँत तथा मुख (Teeth and Oral Cavity)

- अस्वाभाविक रूपमा बाहिर निस्केको वा अत्याधिक उपडखापड दाँत वा दाह्रा भएको।
- दुई वटासम्म स्थायी दाँत झरेको भए फिक्स प्रोस्थेसिस (Fixed Prosthesis) राखेको हुनुपर्ने।
- रुट क्यानल ट्रिटमेन्ट (Root Canal Treatment: RCT) गरिएको दाँतमा क्याप/क्राउन (Cap/Crown) लगाएको हुनुपर्ने।
- तीन वटासम्म किराले खाएको दाँत भरिएको अवस्थामा स्वीकार गर्न सकिने।
- अगाडिका दाँत कृत्रिम (Artificial), किराले खाएका वा २ मि.मि. भन्दा बढी फाटिएका (Diastema) हुनु नहुने। भरिएका अगाडिका दाँत कार्यात्मक तथा सौन्दर्यात्मक रूपमा सामान्य देखिनुपर्ने।

६. घाँटी, मेरुदण्ड तथा शरीरको बनावट (Neck, Spine and Trunk)

- ढाड कुप्रो (Kyphosis) भएको।
- शरीर पूर्ण रूपमा अगाडि झुकाउन नसक्ने।
- जिउ कोल्टे परेको (Scoliosis)।

७. तौल तथा शारीरिक बनावट (Body Build)

- उचाइअनुसार निर्धारित तौल वा निर्धारित बि.एम.आई (Body Mass Index: BMI) भन्दा बढी तौल भएको (Overweight/Obesity)।
- शरीर अत्याधिक मोटो तर हातखुट्टा अस्वाभाविक रूपमा झिनो देखिने।
- अत्याधिक दुब्लो (Emaciated) भएको।

८. हात, खुट्टा, घुँडा तथा पैताला (Upper and Lower Limbs, Knees and Feet)

- अङ्गभङ्ग भएको।
- हात वा खुट्टा बाङ्गोटिङ्गो (Deformity) भएको।
- हात वा खुट्टा लामो-छोटो भएको।
- अङ्ग काटिएको (Amputated Limb)।
- हात वा खुट्टा जोडिएको (Webbed/Fused) वा खप्टिएको (Contracture)।
- हात वा खुट्टाका औंलाहरू अस्वाभाविक रूपमा फाटिएका वा एकआपसमा जोडिएका (Split/Fused Fingers or Toes।
- सामान्य रूपमा हुनुपर्ने अङ्ग वा औंला नभएको वा अतिरिक्त अङ्ग वा औंला (Supernumerary Limb/Digit) भएको।
- नक-नी (Knock-knee) : दुवै खुट्टा जोडेर उभिँदा गोलिगाँठो (Medial Malleolus) बीच १० से.मी. भन्दा बढी दूरी भएको।
- नी-लक (Knee Lock) भएको।
- बो-लेग (Bow Leg) : दुवै खुट्टा जोडेर उभिँदा घुँडाबीच ८ से.मी. भन्दा बढी दूरी भएको वा रिकेट्स (Rickets) का कारण खुट्टा बाङ्गिएको।
- अत्याधिक चेप्टो पैताला (Severe Flat Foot/Pes Planus) भएको।

९. रक्तनली (Vascular System)

- नशा फुल्ने/भेरिकोच (Varicose Veins) भएको।

१०. छाला (Skin)

	• शरीरको देखिने भागबाहेक अन्य भागमा ३.५ से.मी. × ३.५ से.मी. भन्दा ठूलो काटेको, पोलेको वा अन्य प्रकारको दाग भएको। • शरीरका देखिने भागमा चिकित्सकीय दृष्टिले अस्वीकार्य देखिने दाग वा विकृति भएको। • शरीरको कुनै पनि भागमा ट्याटु (Tattoo) हुनु नहुने। तथापी, पूर्ण रूपमा मेटाइसकेपछि बाँकी दाग स्वाभाविक देखिएमा स्वीकार गर्न सकिने। • आफैंले जानाजानी बनाएको खत (Intentional Scar/Cut Mark), अक्षर, नाम वा अन्य चिन्ह भएको। • शरीरको कुनै पनि भागमा छरिएर अत्याधिक सङ्ख्यामा मुसा (Multiple Nevi/Moles) भएको।
	नोटः यस मापदण्डमा स्पष्ट रूपमा उल्लेख नभएका जन्मजात (Congenital), प्राप्त (Acquired) वा अन्य कुनै शारीरिक विकृति, विकार वा कार्यगत असामान्यता (Functional Abnormality) चिकित्सकीय परीक्षणबाट सेवाको प्रकृति तथा कार्यसम्पादनमा प्रतिकूल प्रभाव पार्ने देखिएमा परीक्षणमा खटिएको चिकित्सकद्वारा अयोग्य ठहर गर्न सक्नेछ।

द्रष्टव्यः-

प्रथम चरणको प्रारम्भिक शारीरिक परीक्षणबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको शारीरिक सहिष्णुता परीक्षामा सम्मिलित गराइनेछ ।

२. द्वितीय चरणः- शारीरिक सहिष्णुता परीक्षा

विवरण	पूर्णाङ्क- ५०					
	पुरुष			महिला		
३०० मि. दौड	४८ सेकेण्ड	५० सेकेण्ड	५२ सेकेण्ड	५२ सेकेण्ड	५७ सेकेण्ड	६२ सेकेण्ड
सिट-अप	२५ पटक	२० पटक	१५ पटक	१५ पटक	१० पटक	५ पटक
पुस-अप	२५ पटक	२० पटक	१५ पटक	१५ पटक	१० पटक	५ पटक
चिन-अप	१० पटक	८ पटक	५ पटक	५ पटक	३ पटक	१ पटक
३२०० मि. दौड	१४ मिनेट	१६ मिनेट	१८ मिनेट	१६ मिनेट	१८ मिनेट	२० मिनेट
अङ्कभार	१०	७.५	५	१०	७.५	५

द्रष्टव्यः-

द्वितीय चरणको अङ्कभार भएको शारीरिक सहिष्णुता परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र तृतीय चरणको विस्तृत स्वास्थ्य परीक्षणमा सम्मिलित गराइने छ । तर, कुनै एक इभेन्टमा न्यूनतम उत्तीर्णाङ्क प्राप्त नगर्ने उम्मेदवारहरुलाई उत्तीर्ण गराईने छैन ।

३. तृतीय चरणः- विस्तृत स्वास्थ्य परीक्षण

सशस्त्र प्रहरी सेवा आयोगद्वारा तोकिएको चिकित्सक तथा अस्पतालबाट निम्नानुसारको परीक्षण गरिनेछ ।

1. General Personality Observation
2. Medical
3. General Physic (Surgical)
4. Dental
5. Eye Test (DV/CV)
6. ENT, BP
7. Pregnancy (For Female Candidate Only)

द्रष्टव्यः-

तृतीय चरणको विस्तृत स्वास्थ्य परीक्षणबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र चतुर्थ चरणको प्रयोगात्मक परीक्षामा सम्मिलित गराइनेछ ।

४. चतुर्थ चरणः- प्रयोगात्मक परीक्षा

विज्ञापनमा माग भए बमोजिमको ट्रेडसंग सम्बन्धित विज्ञद्वारा देहायका विषयबस्तुको आधारमा प्रयोगात्मक परीक्षा संचालन गरिने छ ।

क्र.सं.	कार्य क्षेत्र (ट्रेड)	प्रयोगात्मक परीक्षामा परीक्षण गरिने विषयहरु
१.	माली	१. विभिन्न फुलहरुको नाम २. विभिन्न समयमा फुल्ने फुलहरुको नाम ३. फुलको बेर्ना सार्ने क्षमता ४. गोडमेल गर्ने दक्षता ५. फुलको बेर्नामा प्रयोग गरीने विभिन्न मलको नाम ६. फुलको बेर्ना कलमी तथा मल जल राख्ने सम्बन्धी ज्ञान ७. फुलहरुको कलमी तथा गोडमेल गर्दा प्रयोग गरिने औजारहरुको नाम ८. विभिन्न फुलहरु रोप्ने, फुल्ने समय तथा तिनको बारेमा जानकारी ९. फुलको हेरचाह गर्दा अपनाउनु पर्ने सावधानीहरु १०. विभिन्न फुलहरुको बिउ बिजनहरुको नाम
२.	भान्छे	१. नेपाली खाना तथा विभिन्न परिकारहरुको नाम २. खाना, नास्ता तथा विभिन्न परिकार संग सम्बन्धित खाद्य सामाग्रीको नाम ३. चाडवाड अनुसार तयार गर्नुपर्ने परिकारको जानकारी तथा तयार गर्ने शिप ४. खाना पकाउँदा अपनाउनु पर्ने सावधानी ५. खाना पकाउँदा प्रयोग गर्नु पर्ने औजारको प्रयोग गर्न सक्ने क्षमता ६. व्यक्तिगत सरसफाई, खाद्य सामग्रीको सरसफाई, रासन स्टोर सरसफाइ, भान्छा सरसफाई, खाना पकाउने र खाना खाने स्थानको सरसफाइ ७. विभिन्न स्थानको सरसफाई गर्दा प्रयोग गरीने सामानको नाम तथा प्रयोग सम्बन्धी ज्ञान ८. रासन स्टोरमा रासन राख्ने तथा झिक्ने तरिका ९. रासन स्टोरमा रहेको रासन पकाउने स्थान सम्म ल्याउन र राख्न सक्ने क्षमता १०. खाद्य सामाग्रीको तौल बारे जानकारी एवं सामाग्री जोख्ने ज्ञान
३.	केश कर्तक	१. कपाल तथा दाह्री बनाउदा (काटदा) आवश्यक पर्ने औजारहरुको सम्बन्धी जानकारी २. कपाल तथा दाह्री बनाउदा (काटदा) आवश्यक पर्ने औजारहरुको प्रयोग गर्ने शिप ३. बर्तमान समयमा चलेको कपाल तथा दाह्री सम्बन्धी विभिन्न डिजाईन सम्बन्धी क्षमता ४. कपाल तथा दाह्री बनाउदा (काटदा) आवश्यक पर्ने औजारहरुको सरसफाई गर्ने शिप ५. कपाल तथा दाह्री बनाउदा (काटदा) आवश्यक पर्ने औजारहरुको सरसफाई गर्दा प्रयोगमा आउने समाग्री सम्बन्धी ज्ञान ६. कपाल तथा दाह्री बनाउदा (काटदा) व्यक्तिगत सरसफाई सम्बन्धी शिप ७. कपाल तथा दाह्री बनाउने (काटने) स्थानको सरसफाई सम्बन्धी ज्ञान ८. कपाल तथा दाह्री बनाय (काटे) पश्चात मसाज (मालीस) सम्बन्धी शिप ९. कपाल तथा दाह्री काटे पश्चात निस्केको फोहोर व्यवस्थापन गर्ने क्षमता १०. कपाल तथा दाह्री सम्बन्धी विविध ज्ञान
४.	सूचिकार	१. विभिन्न कपडाको नाम २. विभिन्न पोशाकहरुको नापन गर्न सक्ने ज्ञान ३. विभिन्न पोशाकहरुको नाप अनुसारको काट्न सक्ने क्षमता ४. विभिन्न नाप अनुसारको पोशाकहरुको छेक्न सक्ने दक्षता ५. विभिन्न पोशाकहरुको सिलाई बुनाई सम्बन्धी शिप ६. विभिन्न चाड पर्वमा लगाईने पोशाक सम्बन्धी ज्ञान ७. सिलाई बुनाईमा आवश्यक पर्ने औजारहरुको प्रयोग सम्बन्धी क्षमता ८. सिलाई बुनाई कार्य गर्दा व्यक्तिगत सरसफाई सम्बन्धी ज्ञान

		९. सिलाई बुनाई गर्ने स्थान तथा औजारहरुको सरसफाई गर्न सक्ने क्षमता १०. सिलाई बुनाई संग सम्बन्धित विविध ज्ञान
५.	कूचिकार	१. कुनै पनि कार्यालयको परीसरमा रहेका सरसफाई गर्नु पर्ने स्थानको नाम २. विभिन्न स्थान, शौचालय, कार्यालय र कार्यालय परिसरको सरसफाई गर्दा प्रयोगमा आउने औजार सम्बन्धी ज्ञान ३. विभिन्न स्थान, शौचालय, कार्यालय र कार्यालय परिसरको सरसफाई गर्दा प्रयोगमा आउने औजारहरुको प्रयोग सम्बन्धी शिप ४. विभिन्न स्थान, शौचालय, कार्यालय र कार्यालय परिसरको सरसफाई गर्दा प्रयोगमा आउने औजारहरुको मर्मत तथा सम्भार सम्बन्धी ज्ञान ५. विभिन्न स्थान, शौचालय, कार्यालय र कार्यालय परिसरको सरसफाई गर्दा प्रयोगमा आउने औजारहरुको सरसफाई सम्बन्धी ६. विभिन्न स्थान, शौचालय, कार्यालय र कार्यालय परिसरको सरसफाई गर्दा अपनाउनु पर्ने सतर्कता तथा सावधानी ७. विभिन्न स्थान, शौचालय, कार्यालय र कार्यालय परिसरको सरसफाई गर्दा अपनाउनु पर्ने व्यक्तिगत सरसफाई सम्बन्धी ज्ञान ८. विभिन्न स्थान, शौचालय, कार्यालय र कार्यालय परिसरको सरसफाई गर्दा ध्यान दिनुपर्ने कुराहरु ९. विभिन्न स्थान, शौचालय, कार्यालय र कार्यालय परिसरको सरसफाई गर्ने तरीका १०. विभिन्न स्थान, शौचालय, कार्यालय र कार्यालय परिसरको सरसफाई सम्बन्धी विविध ज्ञान
६.	चर्मकर्मी	१. विभिन्न जुत्ताको नाम र प्रकार सम्बन्धी ज्ञान २. विभिन्न सईजको जुत्ताको नापन सम्बन्धी शिप ३. विभिन्न सईजको जुत्ताको नाप अनुसार काटन र छेकन सम्बन्धी ज्ञान ४. विभिन्न साईजको जुत्ता बनाउन वा सिलाउन र मर्मत सम्बन्धी शिप ५. जुत्ता बनाउँदा वा सिलाउँदा प्रयोगमा आउने औजारहरुको नाम सम्बन्धी ज्ञान ६. जुत्ता बनाउँदा वा सिलाउँदा प्रयोगमा आउने औजारहरुको प्रयोग गर्ने क्षमता ७. जुत्ता बनाउँदा वा सिलाउँदा गर्नु पर्ने व्यक्तिगत सरसफाई सम्बनधी ज्ञान ८. जुत्ता बनाउँदा वा सिलाउँदा प्रयोगमा आउने औजारहरुको सरसफाई गर्न सक्ने दक्षता ९. जुत्ता बनाउँदा वा सिलाउँदा अपनाउनु पर्ने सतर्कता तथा सावधानीहरु १०. जुत्ता बनाउँदा वा सिलाउँदा जान्नु पर्ने अन्य विविध ज्ञान

द्रष्टव्यः-

प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशन गर्दा उल्लेखित अङ्कभार भएको शारीरिक सहिष्णुता परीक्षा र प्रयोगात्मक परीक्षामा प्राप्त गरेको अङ्क जोडी हुन आउने कूल अङ्कको आधारमा माग भएको रिक्त पद संख्यामा सशस्त्र प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त (चौथो संशोधन सहित), २०६४ को दफा ३६ को उप-दफा २(क) बमोजिमको संख्या थप गरी नतिजा प्रकाशन गरिनेछ र सफल उम्मेदवारहरुलाई मात्र विशेष स्वास्थ्य परीक्षामा सहभागी गराइनेछ ।

५. पाँचौ चरणः- विशेष स्वास्थ्य परीक्षण

सशस्त्र प्रहरी सेवा आयोगद्वारा तोकिएको चिकित्सक तथा अस्पतालबाट निम्नानुसारको परीक्षण गरिनेछ ।

1. Blood (HB, TC, DC, ALB, SUG, M/E)
2. Chest (X-ray Report), Tuberculosis (TB)
3. Serum Creatinine
4. Urine Routine
5. HIV, HbsAg, VDRL
6. Anti HCV
7. Drug of Abuse (DOA) test
8. Urine Pregnancy Test (For Female Candidate Only)

द्रष्टव्यः-

पाँचौ चरणको विशेष स्वास्थ्य परीक्षणबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र छैठौं चरणको अन्तर्वार्ता परीक्षामा सम्मिलित गराइनेछ ।

६. छैटौ चरणः- अन्तर्वार्ता परीक्षा

अन्तर्वार्ता परीक्षा सशस्त्र प्रहरी सेवा आयोगका अधिकृत प्रतिनिधिहरुद्वारा लिईनेछ ।

नोटः

१. चरणबद्ध रुपमा प्रारम्भिक शारीरिक परीक्षण, विस्तृत स्वास्थ्य परीक्षण, शारीरिक सहिष्णुता परीक्षा, प्रयोगात्मक परीक्षा, विशेष स्वास्थ्य परीक्षणमा उत्तीर्ण भै अन्तर्वार्ता परीक्षामा सहभागी भएका उम्मेदवारहरुको शारीरिक सहिष्णुता परीक्षा, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता परीक्षाको प्राप्ताङ्क जोडी छुट्टा छुट्टै ट्रेडको योग्यताक्रम अनुसार सशस्त्र प्रहरी नियमावली बमोजिम अन्तिम नतिजा प्रकाशित गरिनेछ ।

२. पाठ्यक्रम लागू मितिः- २०८३/०५/१६ गते ।